नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:-३४

मितिः-२०८२/०४/१८

नेपाल संवत् ११४५

विषयः- अन्तराष्ट्रिय युवा दिवस, २०२५ मनाउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत राष्ट्रिय युवा परिषद्को च.नं. ६८ र ६९ मिति २०८१/०४/१५ को अन्तराष्ट्रिय युवा दिवस, २०२५ मनाउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload तथा E-mail मार्फत जानकारी गरिदिनुहुन।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(..................................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८२/८३
च.नं.: ६९

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २६३
८१/९६

मितिः २०८२।०४।१५
ने सं ११४५ गुँलाथ्व

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः समन्वय तथा सहजीकरण सम्बन्धमा।**

उपरोक्त विषयमा अन्तर्राष्ट्रिय युवा दिवस, २०२५ मनाउने सन्दर्भमा यसै पत्रका साथ संलग्न च नं ६८ मिति २०८२।०४।१५ को पत्रको व्यहोरा अनुरुप सम्पूर्ण स्थानीय तहहरुलाई सो दिवस मनाउनका लागि तहाँ मन्त्रालयको वेवसाइट र इमेल मार्फत आवश्यक समन्वय तथा सहजीकरणका लागि हार्दिक अनुरोध गर्दछु।

श्री स्थानीय त. स. शाखा
४/१६

गेहनाथ गौतम
प्रशासकीय प्रमुख

वेवसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष),

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २६०
४।१६

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(..................................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

प.सं.: ०८२/८३
च.नं.: ६८

मितिः २०८२।०४।१५
ने सं ११४५ गुँलाथ्व

श्री महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरू,
सबै।

विषयः अन्तर्राष्ट्रिय युवा दिवस, २०२५ मनाउने सम्वन्धमा।

प्रस्तुत विषयमा यही २०८२ श्रावण २७ गते तदनुसार सन् २०२५ अगष्ट १२ तारिखका दिन संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने परम्परा रहिआएको छ। सन् १९९८ अगस्ट ८ देखि १२ तारिखसम्म संयुक्त राष्ट्रसंघको समन्वयमा पोर्चुगलको राजधानी लिसवनमा विश्वका १४० देशका युवा मामिला हेर्ने मन्त्री ज्यूहरुको सहभागितामा विश्व युवा सम्मेलन भएको थियो। त्यस सम्मेलनले आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिवद्धता जनाउनुका साथै युवा सशक्तिकरणका पक्षमा ८८ वुदे लिसवन घोषणापत्र समेत जारी गरेको थियो। त्यसपछि राष्ट्रसंघको आह्वानमा सन् २००० वाट विश्वभर हरेक वर्षको अगष्ट १२ का दिन युवा सशक्तिकरण, जागरण र वहस गर्ने महत्वपूर्ण दिनको रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने गरिएको छ।

यसै सन्दर्भमा सन् २०२५ का लागि संयुक्त राष्ट्रसंघले तय गरेको ***"Local Youth Actions for the SDGs and Beyond"*** भन्ने आदर्श वाक्यको पृष्ठभूमिमा मिति २०८२ श्रावण ६ गते माननीय युवा तथा खेलकुद मन्त्री तेजु लाल चौधरीज्यूको अध्यक्षतामा बसेको मूल समारोह आयोजक समितिको बैठक मार्फत ***"दिगो विकास र सुनौलो भविष्यको सारः स्थानीय युवाको सहभागीता समृद्धिको आधार"*** भन्ने नेपालीमा रूपान्तरित आदर्श वाक्य कायम गरी मुलुकभर विविध रचनात्मक कार्यक्रमहरूको आयोजना गरी सप्ताहव्यापी रुपमा (अगस्ट ६-१२ तारिख) अन्तर्राष्ट्रिय युवा दिवस, २०२५ मनाउने निर्णय भएको जानकारी गराउदछौं। केन्द्रिय तहमा राष्ट्रिय युवा परिषद्को मूल नेतृत्वमा सरकारी, संयुक्त राष्ट्र संघीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवाका क्षेत्रमा काम गर्ने संघसंस्थाहरू र युवा सञ्जालहरूसँगको सहकार्य र साझेदारीमा यो दिवस मनाइदैछ। स्थानीय देखि अन्तर्राष्ट्रिय तहसम्मका युवा केन्द्रित विषयहरूलाई उजागर गर्ने उद्देश्य सहित यो दिवस मनाइने भएकोले यहि श्रावण २१ गते देखि २७ गतेसम्म सप्ताहव्यापी रुपमा र २७ गते मङ्गलबार (तदनुसार अगस्ट १२ तारिख) दिन मूल कार्यक्रमको आयोजना गरी तहाँ पालिकाहरूले स्थानीय आवश्यकता र उपलब्धीलाई केन्द्रित गरी अन्तर्राष्ट्रिय युवा दिवस, २०२५ मनाउनुहुन अनुरोध छ।

गेहनाथ गौतम
प्रशासकीय प्रमुख

बोधार्थः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं, आवश्यक समन्वय र सहजिकरण गरिदिनुहुन।

वेवसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष),